# आर्थिक वर्ष २०८०/०८१ को पहिलो त्रैमासिक (साउन-असोज) को प्रगति विवरण

चौरजहारी नगरपालिका

**चौरजहारी नगरपालिका**
**रुकुम (पश्चिम)**

# साउन – असोजसम्मको प्रतिवेदन, २०८०

## १. परिचय

चौरजहारी नगरपालिका कर्णाली प्रदेश अन्तर्गत रुकुम पश्चिमको दक्षिण पश्चिम भागमा अवस्थित छ। साविकका विजयश्वरी, कोटजहारी, खोलागाउँ, नुवाकोट र पुर्तिमकाडाँ गाविस (केही भाग) एकीकृत भइ स्थानीय तह कार्यान्वनयका क्रममा हालको चौरजहारी नगरपालिका बनेको हो। कुल क्षेत्रफल १०७ वर्गकिलोमिटर रहेको यस नगरपालिकाको जनसङ्ख्या २९ हजार २५५ रहेको छ । पहाडी जिल्ला रुकुम (पश्चिम) मा अवस्थित यो चौरजहारी नगरपालिका आर्थिक एवम् पूर्वाधार विकासको दृष्टिकोणले प्रशस्त सम्भावना बोकेको छ। भौगोलिक बनावट र प्राकृतिक श्रोत साधनमा निकै अगाडि छ। चौरजहारी उपत्यकाको उर्वर फाँट, स्लोट ढुङ्गे खानीहरू र जहारीखोलाको किनारमा रहेका उर्वर खेतीयोग्य जमीन यस नगरपालिकाका महत्त्वका क्षेत्रहरू हुन्। विमानस्थल समेत रहेको यस नगरपालिका मध्यपहाडी राजमार्गका १० नयाँ सहरमध्येको एक हो। यसले पनि नगरपालिकाको विकास र उमुन्नतिका लागि उचित सम्भावना बोकेको छ। सांस्कृतिक धार्मिक एवम् जातीय विविधताबिच बलियो एकता रहेको यस नगरपालिकामा धार्मिक सहिष्णुता र सामाजिक सद्भावको अनुकरणीय उदाहरणका रुपमा लिन सकिन्छ। वडा नं. २ विजयश्वरी डाँडामा नगरपालिका केन्द्र रहेको छ। भेरी नदीको किनारमा अवस्थित चौरजहारी रुकुम, सल्यान, जाजरकोट र डोल्पाको मुख्य व्यापारिक केन्द्रको रुपमा समेत चौरजहारी नगरपालिका परिचित छ । नगरपालिकाको प्राथमिकतामा शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारी रहेको छ। **"आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण: चौरजहारी नगरवासीको पहिचान"** भन्ने मुलनारालाई आत्मसात गर्दै चौरजहारी नगरपालिका सुशासन, विकास र समृद्धिको यात्रामा क्रियाशील छ।

चौरजहारी नगरपालिका

सार्वजनिक निकायले गर्ने काम कारबाहीका सम्बन्धमा सार्वजनिक पदाधिकारी र सरोकारवाला निकायहरूबीच हुने प्रत्यक्ष अन्तरक्रियालाई सार्वजनिक सुनुवाइ भनिन्छ । सरोकारवाला र सार्वजनिक पदाधिकारीहरूको उपस्थितिमा सार्वजनिक स्थलमा छलफल तथा प्रश्नोत्तरको माध्यमबाट सार्वजनिक सुनुवाइ गरिन्छ । सार्वजनिक सुनुवाइलाई नागरिकको सूचनाको हकको प्रवर्द्धन गर्ने माध्यमको रूपमा लिइन्छ भने सार्वजनिक सुनुवाइले सुशासनको मान्यतालाई आत्मसात् गरेको हुन्छ।

सेवा प्रवाहको स्थितिलाई प्रभावकारी र गुणस्तरीय बनाइ सार्वजनिक पदाधिकारीहरूमा जिम्मेवार बन्ने संस्कार बसाउन तथा नागरिकको सन्तुष्टिलाई मुखरित गर्न सार्वजनिक सुनुवाइ गरिन्छ । यसबाट सार्वजनिक सेवा थप जनमुखी पारदर्शी र छिटो छरितो हुनुका साथै सरकार र

नागरिकबीचको सम्बन्ध पनि बलियो बनाउने उद्देश्यले चौरजहारी नगरपालिकाले सार्वजनिक सुनाइ कार्यक्रमको आयोजना गरेको हो ।

## २. उद्देश्य

- सूचनाको हकको कार्यान्वयन गर्न,
- सार्वजनिक निकायको उत्तरदायित्व र पारदर्शिता प्रवर्धन गर्न
- नागरिकप्रतिको जवाफदेहिता अभिवृद्धि गर्न
- सेवाप्रदायक र सेवाग्राहीबीचको सम्बन्धलाई समुधुर बनाउनू
- समग्रमा सुशासन अभिवृद्धिमा टेवा पुऱ्याउँनू ।

## ३. कार्यसम्पादन विवरण

### आर्थिक विकास

- धान र मकै बालीमा लागेको किरा नियन्त्रण गर्न जनशक्ति परिचालन गरिएको
- तरकारी मिनीकिट प्रत्येक वडामा ३५० जनाका दरले ४ हजार ९०० कृषक परिवारलाई वितरण गरिएको
- हिउँदे घाँसको बीउँ जै २२५ केजी र बर्सिम १५० केजी ३६ घरपरिवारलाई वितरण
- खोरेत रोगबाट बचाउन १० हजार गाईभैसीलाई खोप लगाइएको

चौरजहारी नगरपालिका

## ४. सामाजिक विकास

### (क) शिक्षा

- कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि नि:शुल्क ड्रेस र स्टेशनरी सामग्री प्रदानका लागि रकम निकासाको अन्तिम चरणमा रहेको
- विद्यालय अनुमति पाएका र शिक्षक दरबन्दी नभएका विद्यालयमा १ सय १५ जना नगर शिक्षक तथा कर्मचारी परिचालन गरिएको ।
- नियमित विद्यालय अनुगमन तथा सुपरीवेक्षण
- सबै विद्यालयमा नवीनतम प्रविधियुक्त इ हाजिरी जडान गरी पालिकाबाटै दैनिक हाजिरी निगरानीको व्यवस्था

- शैक्षिक सत्र २०७८ को सामुदायिक विद्यालयका शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन गरिएको
- विद्यार्थीहरूको प्रतिभा प्रष्फुटनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको
- शिक्षक पेसागत सहयोगका लागि विज्ञ समूह गठन गरी परिचालन गरिएको।

## (ख) स्वास्थ्य

- चौरजहारी अस्पतालसँगको सहकार्यमा रक्त समूह पहिचान गरी अभिलेखीकरण गरिएको।
- चौरजहारी नगरपालिको स्वास्थ्य प्रोफाइल अध्यावधिक गरिएको
- चौरजहारी ब्लड बैङ्क सञ्चालनमा ल्याइएको
- २०८० भाद्र ८ गते स्वास्थ्य संस्थाको वार्षिक समिक्षा तथा योजना कार्यक्रम सम्पन्न
- उत्कृष्ट स्वास्थ्य संस्था कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य सेवा केन्द्र ३
- स्वास्थ्यको वार्षिक कार्ययोजना निर्माण गरिएको
- २०८० कार्तिक २ गते पालिका स्तरीय पोषण कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा
- दादुरा रूवला ८ हजार ३७१ जनालाई र टाइफाइड ८ हजार ४७८ जनालाइ खोप लगाइएको
- स्वास्थ्यकर्मीहरूको लागी सामाजिक व्यवहार परिवर्तन १ दिने तालिम सञ्चालन
- पूर्ण खोप सुनिश्चितता तथा सुदृढीकरणको लागि सुक्ष्म योजना अद्यावधिक गोष्ठी सम्पन्न
- नियामित खोप सेवाको पहुचमा विस्तारका लागि सबै स्वास्थ्य संस्था बाट वडा गत रूपमा खोप केन्द्र सञ्चालन

चौरजहारी नगरपालिका

## (ग) खानेपानी तथा सरसफाइ

- भेरीमालिका लिफ्ट खानेपानी योजनाका लागि विपन्न नागरिकहरूलाई साझेदारीका लागि आर्थिक सहयोग प्रदान
- गोर्खा वेल्फियरसँगको सहकार्यमा चौरजहारी ७ नार्जीमा खानेपानी योजना निर्माण कार्य अघि बढेको
- चौरजहारी ३ मा टम्पिङ साइट निर्माणको कामलाई तीव्रता दिइएको ।

## (घ) संस्कृति प्रवर्धन

- विभिन्न मेलाहरूको संरक्षण तथा चाडपर्वमा जाँडरक्सी जुवातास लगायतका विकृतिजन्य क्रियाकलाप नगर्न / नगराउन निर्देशन गरिएको
- विभिन्न दिवसहरूको अवसरमा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रमहरू सञ्चालन गरिएको

## (ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- प्रत्येक महिनाको ६ गते अपाङ्गता भएका परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरी ५३ जनालाई अपाङ्गता परिचय प्रदान गरिएको,
- जेष्ठ नागरिकहरू १४६ जनालाई जेष्ठ नागरिक परिचयपत्र प्रदान गरिएको,
- सबै वडाहरूमा बालक्लव गठन गरी ४२० जनालाई क्लवमा आवद्ध गरिएको,
- जेष्ठ नागरिक ५१० जनालाई न्यानो कपडा प्रदान गरी सम्मान गरिएको,
- १-५ नम्बर वडाका १०६ जना अपाङ्गता भएका व्यक्तिहरूको अवस्था अपेक्षा विश्लेषण गरिएको,
- १८ वर्षमुनिका शारीरिक अपाङ्गता भएका बालबालिकाहरूको स्वास्थ्य परीक्षण तथा अपाङ्गता पहिचान घुम्ती शिविर सञ्चालन गरिएको जसबाट ७० जनाले लाभांवित भएको,

चौरजहारी नगरपालिका

- न्याय र समानताका लागि अन्तरजातिय विविह गर्ने जोडीलाई सम्मान र प्रोत्साहन स्वरुप रु. १ लाख रकम प्रदान गरिएको,
- दुई जना बालबालिकाहरूलाई अपाङ्ग बाल अस्पतालमा उपचारका लागि पठाइएको,
- बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रममा १६९ जना छोरीहरूलाई आवद्ध गरिएको,
- विद्यालयस्तरमा बालविवाह, बालहिंसा, बालश्रम सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी ७ सय जनाले लाभ प्राप्त गरेको,
- बालश्रममुक्त नगरपालिका घोषणका लागि घरधुरी सर्वेक्षण गरिएको

## ५. पूर्वाधार विकास

**बहुवर्षीय ठेक्काहरू**

| क्र.स. | आयोजनाको नाम | रकम |
|---|---|---|
| १ | १५ शैया अस्पताल निर्माण वडा नं. ९ | १३ करोड ३१ लाख ५३ हजार |
| २ | मालिका पर्यटन निर्माण आयोजना | ६ लाख ४८ हजार ७७ हजार |
| जम्मा | | १९ करोड ८० लाख ३० हजार |

## ६. वन वातावरण तथा विपद् व्यवस्थापन

- विपद पूर्वतयारी बैठक
- राहत तथा उद्धारका सामग्रीको प्रबन्ध गरिएको

## ७. सुशासन तथा संस्थागत विकास

- नगर कार्यपालिकाको कार्यालय र सोअन्तर्गतका कार्यालय र विद्यालयहरूमा नवीनतम विद्युतीय हाजिरी जडान गरी सञ्चालनमा ल्याइएको
- नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वन भएको
- नगर कार्यपालिकाको कार्यालय र सोअन्तर्गतका २१९ जना कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गरिएको
- सेवाग्राहीलाई सम्बन्धित शाखा र जिम्मेवार व्यक्तिसँगको सहज सम्पर्कको लागि नगर कार्यपालिकाको कार्यालयमा हेल्प डेस्कको स्थापना गरिएको
- सेवाग्राहीको सहजताका लागि हेल्प डेस्कमा नगर प्रहरीको व्यवस्था मिलाइएको
- गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था मिलाइएको
- अति आवश्कीय सेवाका लागि ९८५८०६७२११ नम्बरको कल सेन्टर
- सेवाग्राहीको सहजताका लागि नि:शुल्क फोटोकपी सेवाको व्यवस्था
- नगरपालिकाबाट सम्पादित क्रियाकलाप, सूचना, प्रगति प्रतिवेदन, विभिन्न निर्णय, वार्षिक बजेट तथा कार्यक्रम लगायतका नगरपालिकाको चिनारी समेत कार्यालयको वेवसाइटमा राखि पारदर्शितामा जोड दिएको
- आर्थिक ऐन अनुसार नगरपालिकाभित्रका व्यवसाय दर्ता तथा नवीकरण, गिट्टी, वालुवा र ढुङ्गा प्रयोग तथा अन्य ऐनअनुसारको राजश्व सङ्कलन गरी राजश्व परिचालन गरेको
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लाई पूर्ण रुपमा लागू गरिएको
- कर्मचारी, प्रधानाध्यापक र स्वास्थ्य संस्था प्रमुखहरूको कर्मचारी बैठक बसी छलफल गर्ने गरिएको।

## ८. रोजगार सेवा केन्द्र

- आर्थिक वर्ष २०८०/०८१ मा सुचिकृत भएका बेरोजगार सङ्ख्या ३ हजार ११५
- प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्राप्त बजेट ३५ लाख ४४ हजार
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगार दिने लक्ष्य ७०
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजन रकम २ करोड १० लाख
- मुख्यमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी दिने लक्ष्य २००
- मुख्यमन्त्री रोजगार कार्यक्रमबाट हाल सम्म प्राप्त रोजगारी सङ्ख्या १६०
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालन हुने जम्मा आयोजनाहरू १४
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हालसम्म सञ्चालनमा रहेका आयोजनाहरू १
- मुख्यमन्त्री रोजगार कार्यक्रमबाट हालसम्म सञ्चालन हुने आयोजनाहरू १४
- मुख्यमन्त्री रोजगार कार्यक्रमबाट हालसम्म सञ्चालनमा रहेका आयोजनाहरू ७

## ९. न्यायीक समिति

| क्र.सं. | विवादको प्रकृति | दर्ता भएका कुल विवादको संख्या | विवाद फछ्यौंटको अवस्था | | |
|---|---|---|---|---|---|
| | | | मेलमिलाप भएको | प्रक्रियामा रहेको | उपस्थित नभएको |
| १ | चरित्र हत्या तथा गाली वेइज्जती | २ | ० | २ | ० |
| २ | लेनदेन | १९ | ४ | १० | ५ |
| ३ | बहुविवाह | ० | ० | ० | ० |
| ४ | अंशवन्डा | ० | ० | ० | ० |
| ५ | पारिश्रमिक/ज्याला | ८ | १ | ५ | २ |
| ६ | जग्गा खिचोला | ७ | २ | ४ | १ |
| ७ | चोरी | १ | १ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | चरि चरण तथा वन अतिक्रमण | १ | ० | १ | ० |
| ९ | कुटपिट/ घरेलु हिंसा | ३ | ० | २ | १ |
| १० | सम्बन्ध विच्छेद तथा पालनपोषण | ३ | ० | २ | १ |
| **जम्मा** | | ४४ | ८ | २६ | १० |

चौरजहारी नगरपालिका

# आन्तरिक राजश्वको अवस्था

| वडा | वार्षिक लक्ष्य | हालसम्मको प्रगति |
|---|---|---|
| १ | १३ लाख ४ हजार ४८९ | ७ लाख १ हजार १११ |
| २ | ७ लाख ८८ हजार ३१२ | ३ लाख ९५ हजार ७८० |
| ३ | ८ लाख ६ हजार ४०८ | २ लाख ७९ हजार २६३ |
| ४ | ४ लाख २४ हजार ८६७ | १ लाख १७ हजार ८४५ |
| ५ | ४ लाख ३९ हजार ४९६ | ५८ हजार ८६७ |
| ६ | ३ लाख ९२ हजार ९५२ | १ लाख २५ हजार ४१६ |
| ७ | ४ लाख ३९१ | १ लाख १९ हजार ९०७ |
| ८ | ७ लाख २ हजार ८९ | ५ लाख ३ हजार ३८४ |
| ९ | ७ लाख ८६ हजार ५१८ | ६ लाख २१ हजार ४९९ |
| १० | ३ लाख ६६ हजार ६३८ | ७३ हजार ७७४ |
| ११ | ५ लाख २६ हजार ७२४ | १ लाख २३ हजार १०७ |
| १२ | २ लाख ८१ हजार ८२४ | ८७ हजार १९३ |
| १३ | ३ लाख ५३ हजार ४७३ | ७० हजार २३५ |
| १४ | ६ लाख २५ हजार ५२८ | २ लाख ५८ हजार ३३५ |
| नगरपालिका कार्यालय | १ करोड ५० लाख २९२ | १००१४६२० |

| | | |
|---|---|---|
| **जम्मा** | **२ करोड ३२ लाख** | **१ करोड ३५ लाख ५० हजार ३३६** |

## आम्दानी र खर्चको विवरण

| **क्र.स.** | **समग्र आय अनुमान** | **वास्तविक आय** | **प्रतिशत** |
|---|---|---|---|
| १ | ६० करोड १९ लाख १ हजार | २२ करोड ५६ लाख ८६ हजार | ३७.४९ |

## चुनौतीहरू

- कानुन पालना
- आवश्यकता असीमित तर साधनस्रोत सीमित बिच तालमेल
- बढ्दो आयात र घट्दो निर्यातमा सन्तुलन
- वितरणमुखी कार्यक्रम बढ्दो
- चालु र पुँजीगत खर्चको सन्तुलन कायम
- अनुदानका कार्यक्रमको उपलब्धिमूलकता
- कार्यक्रम कार्यान्वयनमा गुणस्तर कायम
- राजश्व बाँडफाँड र आन्तरिक स्रोतको रकमबाट हुने कार्यक्रम कार्यान्वयन
- करार कर्मचारीको तलब र जनप्रतिनिधिहरूको सुविधा आन्तरिक स्रोतबाट मात्रै व्यवस्थापन
- पर्याप्त दक्ष जनशक्तिको उपलब्धता
- छरिएका बस्तीमा पूर्वाधारको पहुँच

चौरजहारी नगरपालिका

- बालविवाह, लैङ्गिक तथा घरेलुहिंसाको निर्मूल
- सामाजिक सांस्कृतिक विकृति तथा विसङ्गतिका अवशेषको अन्त्य
- अपेक्षाकृत शैक्षिक गुणस्तर कायम
- व्यवसायीक सोचको विकास र कार्यान्वयन
- सकरात्मक सोचको विकास
- वैदेशिक रोजगारीमा निरुत्साहित र स्वरोजगारी सिर्जना।

**सम्भावनाहरू**

- संविधानले प्रदान गरेका विभिन्न २२ वटा एकल अधिकारहरुको कार्यान्वयन
- प्रदेश र संघीय सरकारसँगको बलियो सहकार्यको अवसर
- पूर्वाधार विकासका लागि तुलनात्मक रुपमा भौगोलिक सुगमता
- मध्यपहाडी राजमार्गमा पर्ने १० सहर मध्ये एक सहर चौरजहारी एक
- मेलैनाउली, नार्जी, चौफा लगायतका ठाउँहरूमा तीव्र बजारीकरण
- राजनैतिक तथा सामाजिक चेतनास्तर तुलनात्मका रुपमा उठनु
- पर्यटन प्रवर्द्धन तथा मध्यपहाडी राजमार्गको मिलन केन्द्र
- जलविद्युत तथा सिंचाइका लागि भेरी नदी र जहारीखोला
- कृषियोग्य उर्वर माटो, वन तथा उचित चरण क्षेत्र,
- चौरजहारी डोल्पा हुदै तिब्बत जोडने सडक सञ्जालको सम्भावना
- विभिन्न जडीबुटी तथा प्रशोधन केन्द्र स्थापनाको सम्भावना
- बिउँ प्रशोधन, दाना, कापी, गार्मेन्ट, कपास, जुस लगायतका उद्योग सञ्चालनको सम्भावना
- चौरजहारी विमानस्थललाई क्षेत्रीय विमानस्थलका रुपमा विस्तार
- खागल मालिका लगायतका अग्ला डाँडाहरुमा प्याराग्लाइडिङ र केबुलकार सञ्चाल
- पर्टनका लागि भेरी नदीमा र्‍याप्टिङ
- जहारीखोला र भेरी नदी आसपासका वस्तीहरूमा मत्स्यपालन व्यवसाय सञ्चालन आदि।

चौरजहारी नगरपालिका